अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७७/०७८
च.नं. : १८४२

फोन नं.: ०९६-४१०२२२
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np

मितिः २०७७/१२/२०

**विषयः आधारभूत शिक्षा उत्तीर्ण (कक्षा-८) परीक्षा आवेदन फारम तथा प्रयोगात्मक अङ्क पठाउने सम्बन्धमा।**

**श्री कक्षा ८ सञ्चालित विद्यालय सबै**
**अमरगढी नगरपालिका डडेल्धुरा।**

प्रस्तुत विषयमा अमरगढी नगरपालिका स्तरमा सञ्चालन हुने २०७७ सालको आधारभूत शिक्षा उत्तीर्ण (कक्षा ८) परीक्षाका लागि कक्षा ८ मा अध्ययनरत सबै विद्यार्थीहरूलाई यस कार्यालयबाट निर्धारित परीक्षा आवेदन फाराम भर्ने र प्रयोगात्मक परीक्षाका अङ्क पठाउने सम्बन्धमा देहायबमोजिम गर्न गराउनहुन अनुरोध गरिन्छ।

२०७७/१२/२०
(हेमन्तराज पन्त)
नि.प्रमुख प्रशासकीय अधिकृत

- कक्षा ८ को परीक्षासम्बन्धी तथ्याङ्क गत वर्ष जस्तै IEMIS प्रणालीबाट व्यवस्थित गरिने भएकाले सर्वप्रथम विद्यालयले कक्षा ८ मा अध्ययनरत विद्यार्थीको IEMIS मा प्रविष्ट तथ्याङ्क पछिसम्म फरक नपर्ने गरी सच्याइ अपलोड गर्ने।
- कार्यालयबाट निर्धारित परीक्षा आवेदन फाराम, सोको समष्टिगत फाराम र प्रयोगात्मक अङ्क प्रविष्टी फाराम यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखाबाट बुझिलिने।
- IEMIS मा प्रविष्ट विवरण, जन्मदर्ता प्रमाणपत्र र विद्यालयको अभिलेखमा एकरुपता कायम हुने गरी विद्यार्थीहरूलाई परीक्षा आवेदन फाराम भर्न लगाउने र फारामसाथ दुई प्रति पासपोर्ट साइजको फोटो, कक्षा ७ उत्तीर्ण मार्कसीट/ग्रेडसीटको प्रतिलिपि र जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्ने। फारममा विद्यार्थीले भरेको विवरण तथा परीक्षार्थीको फोटो प्रधानाध्यापकबाट अनिवार्य रुपमा प्रमाणित गर्ने।
- विद्यार्थीले भरेको फाराममा विद्यार्थीको सिम्वोल नं. नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट कायम गरिने भएकाले फाराममा सिम्वोल नं. का लागि निर्धारित स्थान खाली राख्ने।
- परीक्षार्थीले भरेका फारामका आधारमा विद्यालयले विद्यार्थीको नाम English Alphabet अनुसारको क्रममा हुने गरी समष्टिगत फाराम भरी सो साथ विद्यार्थीले भरेका परीक्षा फाराम, कक्षा ७ उत्तीर्ण मार्कसीट/ग्रेडसीटको प्रतिलिपि र जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी मिति २०७८।०१।१० गते शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने।
- संस्थागत विद्यालयहरूले परीक्षा फाराम बुझाउँदा प्रति विद्यार्थी रु.३५०।- का दरले हुन आउने रकम नगरपालिकाको राजश्व शाखामा बुझाई सोको रसिद समेत संलग्न राख्नुपर्ने।
- विद्यालयले विद्यार्थीहरूको विभिन्न विषयको प्रयोगात्मक परीक्षाको कार्य मिति २०७८।०१।०५ भित्र सम्पन्न गरी निर्धारित फाराममा अङ्क भरी प्रमाणित गर्ने। प्रयोगात्मक अङ्क विवरण २०७८।०१।१० गते शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउने।
- २०७८।०१।१० गते विहान १०:०० बजे नगरपालिकाको सभाहलमा IEMIS मा प्रयोगात्मक अङ्क प्रविष्टीका लागि कार्यशाला हुने भएकाले उक्त कार्यशालामा प्रत्येक विद्यालयले IEMIS सम्बन्धी काम गर्न सक्ने दक्ष शिक्षक वा कर्मचारी मध्ये १ जनालाई ल्यापटप सहित सहभागी गराउने।
- परीक्षाको समय तालिका र परीक्षा केन्द्र सम्बन्धी विवरण अर्को सूचनामार्फत जानकारी गराइनेछ।



Scanned with CamScanner